शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः २०८१/०९/०२

भाग — २

शुक्लाफाँटा नगरपालिका

## कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र, अर्जुनी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानले सबै नागरिकले सर्वशुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने कुराको सुनिश्चितता गरी नागरिकको आधारभुत अधिकारको रुपमा प्रत्याभुत गरेको छ । भुगोलका हिसावले गर्मी याममा नेपालको अत्याधिक गर्मी (४० देखि ४३/४४ डिग्री सेल्सियस) हुने कञ्चनपुरका अधिकांश स्थान तराई क्षेत्र रहेको र गर्मी तथा बर्षातको समयमा बिषालु सर्प, बिच्छी तथा खजुरोको टोकाईएको जोखिम रहन्छ ।विशेष गरेर शहरी क्षेत्रभन्दा ग्रामिण क्षेत्रमा सर्पदंशबाट पिडित नागरिकहरुको बसोबास अत्याधिक रहेको र व्यवस्थित बाटाघाटो सवारी साधनको उपलब्धता ग्रामिण क्षेत्रमा नभएको हुँदा समयमै विरामीलाई उपचार हुने ठाँउसम्म पुर्याउन नसक्दा विरामिको मृत्यु हुन सक्ने सम्भावना बढी रहन्छ। यसै विषयलाई हृदयङ्गम गरी, अर्जुनी ब्यारेकमा २०७१ सालमा ***"कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र, अर्जुनी"*** स्थापना भई सेवा प्रवाह गर्दै आई रहेकोमा जनतालाई थप सेवा तथा सुबिधा प्रदान गर्न उक्त सर्पदंश उपचार केन्द्रलाई थप व्यवस्थित (डाक्टर अधिकृत र भेन्टिलेटर कक्ष सहितको) तथा सुबिधा सम्पन्न तथा बिस्तार गरी आम जनतालाई छिटो छरितो, भरपर्दो तथा गुणस्तरिय सेवा पुर्‍याउन वान्छनिय देखिएकोले वेदकोट नगरपालिका, नेपाली सेना संग आवश्यक समन्वय गरी शुक्लाफाँटा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शुक्लाफाँटा नगर कार्यपालिकाको बैठक संख्या १७० मिति २०८१/०८/२७ ले स्वीकृत गरी यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

### १ ) संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम "**कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र, अर्जुनी**" संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ रहेको छ ।

ख) यो कार्यविधि शुक्लाफाँटा नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२ ) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "**पिडित**" भन्नाले सर्प, बिच्छी, खजुरो वा अन्य विशालु जिवको को दंशबाट पिडित व्यक्ति भन्ने सम्झनु पर्दछ ।

ख) "**प्राविधिक**" भन्नाले उपचारमा संलग्न प्राविधिक भन्ने सम्झनु पर्दछ ।

ग) "**समिति**" भन्नाले यस सर्पदंश उपचार केन्द्रको व्यवस्थापनको लागी यस कार्यविधि बमोजिम गठन भएका विभिन्न समितिलाई सम्झनु पर्दछ ।

घ) "**निर्देशक समिति**" भन्नाले यस कार्यविधिको परिच्छेद २ को बुदा ४ मा ब्यवस्था भए बमोजिमको समिति सम्झनु पर्दछ ।

ङ) "**सञ्चालन तथा व्यवस्थापन समिति**" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई दैनिक रूपमा व्यवस्थित संचालन तथा व्यवस्थापन गर्न बनाइएको यस कार्यविधिको परिच्छेद २ को बुदा नं १० मा ब्यवस्था भए बमोजिमको समिति सम्झनु पर्दछ ।

च) "**संरक्षक**" भन्नाले यस कार्यविधीको परिच्छेद २ को बुदा नं ८ मा ब्यवस्था भए बमोजिमको सम्झनु पर्दछ ।

छ) "**उपचार केन्द्र**" भन्नाले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खट्टिएको सुरक्षा गुल्म अर्जुनी ब्यारेकको ईलाकामा निर्माण भएको भवन भन्ने सम्झनु पर्दछ ।

ज) "**कोष**" भन्नाले शुक्लाफाँटा न. पा., वेदकोट न.पा. लगायत अन्य स्थानीय तह तथा सरकारी तथा गैर सरकारी संघसंस्थाहरुबाट प्राप्त वा अन्य जुनसुकै श्रोतबाट यस उपचार केन्द्रलाई प्राप्त आर्थिक रकमलाई सम्झनु पर्दछ ।

झ) "**जिन्सी**" भन्नाले सर्पदंश उपचार केन्द्र रहेको जिन्सी सामाग्री र भैतिक सम्पती सम्झनु पर्दछ ।

ञ) "**सल्लाहकार समिति**" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई व्यवस्थापन गर्न बनाइएको निर्देशक समितिलाई सल्लाह सुझाव दिन यस कार्यविधि बमोजिम परिच्छेद २ को बुदा नं ९ मा ब्यवस्था भए बमोजिमको सल्लाहकार समितिलाई सम्झनु पर्दछ ।

ट) "**व्यवस्थापक**" भन्नाले सर्पदंश केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्थापन समितिबाट पारिश्रमिक पाउने गरी सर्पदंश उपचार केन्द्रको लागि खटाईएको जनशक्तीलाई सम्झनु पर्दछ ।

ठ) "**डा. अधिकृत**" भन्नाले सर्पदंश उपचार केन्द्रमा रही विरामीहरुको उपचारमा सक्रिय रुपमा खट्टिई व्यवस्थापन समितिबाट पारिश्रमिक पाउने गरी सर्पदंश उपचार केन्द्रको लागि खटाईएको डाक्टर कर्मचारीलाई सम्झनु पर्दछ ।

ड) "**आर्थिक उपसमिति**" भन्नाले **सञ्चालन तथा व्यवस्थापन समितिले** आवश्यकता अनुसार निर्देशक समितिको स्वीकृतिमा गठन हुने उपसमिति सम्झनु पर्दछ ।

ढ) "**बैंक खाता**" भन्नाले विभिन्न स्रोतबाट आएको आर्थिक रकमलाई जम्मा गरी राख्न यस उपचार केन्द्रको नाममा खोलिएको बैंक खातालाई सम्झनु पर्दछ

ण) "**सदस्य**" भन्नाले यस कार्यविधिको परिच्देछ -२ को बुदाँ नं. (३) बमोजिमका सदस्य भन्ने सम्झनु पर्दछ ।

त) "**सेवा**" भन्नाले सर्प दशंका साथै बिच्छी, खजुरो तथा अन्य डसाईहरूको उपचारलाई सम्झनु पर्दछ।

## परिच्छेद - २

**३. सदस्यता : कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र, अर्जुनी**को निम्न शर्त पुरा गरेका नेपाली नागरिकलाई सदस्यता प्रदान गरिनेछ ।

क) सर्पदश उपचार केन्द्र भवन निर्माणका बखत रु. ५०००।- वा सो भन्दा वढी चन्दा दान गर्ने व्यक्ति आजिवन सदस्य रहनेछ ।

ख) सर्पदश उपचार केन्द्रको आजिवन सदस्यको लागि रु. १०,०००।- वा सो भन्दा वढी रकम सहयोग/ शुल्क दिने व्यक्ति आजिवन सदस्य रहनेछ ।

ग) सर्पदश उपचार केन्द्रको बार्षिक सदस्यता शुल्क रु. ५००।- बुझाउने व्यक्ति सदस्य रहनेछ।

घ) कञ्चनपुर जिल्लाका स्थानीय तहका प्रमुखहरू स्वतः साधारण सदस्य रहनेछन ।

**४. निर्देशक समितिको गठन :** कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र संचालन तथा व्यवस्थापन गर्नको लागि नीति, नियम, निर्देशन तथा आर्थिक व्यवस्थापनको लागि तपशिल बमोजिमको निर्देशक समिति रहने छ ।

संयोजक : नगर प्रमुख शुक्लाफाँटा नगरपालिका,

उपसंयोजकः उप प्रमुख बेदकोट नगरपालिका

सदस्य- सचिव : प्रमुख प्रशासकीय अधिकृत, शुक्लाफाँटा नगरपालिका

**५. निर्देशक समितिको काम कर्तव्य र अधिकार :** कञ्चनपुर सर्पदंश उपचार सेवा केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) सर्पदंश उपचार केन्द्रको संगठन संरचना निर्माण तथा व्यवस्थापनको स्वीकृती दिने ।

ख) अन्य स्थानीय तहहरु संग समन्वय, सहकार्य गरी सेवाको पहुच बढाउने ।

ग) सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापनको लागि बजेटको व्यवस्था मिलाउने

**६. निर्देशक समितिको बैठकः**

क) बैठक सञ्चालनको लागी कम्तिमा बहुमत सदस्यको उपस्थितिबाट निर्णयहरु हुनेछ ।

ख) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

ग) महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा सल्लाहकार समितिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

घ) सामान्यतया वर्षको २ पटक बैठक बस्ने छ ।

**७. निर्देशक समितिको कार्य अवधिः** यस कञ्चनपुर सर्पदंस उपचार केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समितिको कार्य अवधि ५ वर्षको हुनेछ ।

**८. संरक्षकः** कञ्चनपुर जिल्लाका प्रतिनिधि सभा क्षेत्र नं -२ तथा प्रदेश सभा क्षेत्र नं-२ (क) र क्षेत्र नं-२ (ख) माननीय सदस्य संरक्षक रहनेछन् ।

**९. सल्लाहकार समितिः** कञ्चनपुर सर्पदंश उपचार केन्द्र संचालन एवं व्यवस्थापन निर्देशन समितिलाई सल्लाह दिनको लागि निम्न बमोजिम ५ सदस्यीय सल्लाहकार समिति रहनेछ ।

१) प्रमुख जिल्ला अधिकारी
२) श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति
३) निर्देशक समितिले मनोनयन गरेका समाजसेवीबाट थप २ जना
४) महाकाली प्रादेशीक अस्पताल महेन्द्रनगरका ब्यवस्थापन समितीका अध्यक्ष

**१०. कञ्चनपुर सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठनः** कञ्चनपुर सर्पदंश उपचार केन्द्र संचालन एवं व्यवस्थापन गर्न शुक्लाफाँटा र वेदकोट नगरपालिक तथा यस पालिकासंग सिमाना जोडिएका नजिकका पालिकाहरूबाट यस केन्द्रको सदस्यता प्राप्त मध्येबाट बढिमा २५ सदस्यीय व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| १) शुक्लाफाँटा नगरपालिका प्रमुख | - अध्यक्ष |
| २) वेदकोट नगरपालिका उप प्रमुख | - उपाध्यक्ष |
| ३) प्रशासकीय अधिकृत, शुक्लाफाँटा नगरपालिका | - सदस्य सचिव |
| ४) स्वास्थ्य शाखा प्रमुख, शुक्लाफाँटा नगरपालिका | - कोषाध्यक्ष |
| ५) शुक्लाफाँटा रा.नी. सुरक्षार्थ गणको गणपति | - सदस्य |
| ६) कञ्चनपुर जिल्ला सुरक्षार्थ तैनाथ गुल्मको गुल्मपति | - सदस्य |
| ७) नेपाली सेनाको सुरक्षा गुल्म अर्जुनीको गुल्मपति | - सदस्य |
| ८) शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अधिकृत | - सदस्य |
| ९) ईलाका प्रहरी कार्यालय झलारीका प्रमुख | -सदस्य |
| १०) शुक्लाफाँटा न.पा. वडा नं. ५, ६र वेदकोट नगरपालिका वडा नं. १ का वडा अध्यक्ष | - सदस्य |
| ११) रेडक्रस सभापती, शुक्लाफाँटा नगरपालिका | - सदस्य |
| १२) शुक्लाफाँटा न.पा. स्तरीय महिला स्वास्थ्य स्वयंसेविका प्रतिनिधि | - सदस्य |
| १३) शुक्लाफाँटा तथा बेदकोट न.पा कार्यपालिकाबाट अध्यक्षले मनोनित गरेको दलित महिला सदस्य १/१ जना | - सदस्य |
| १४) केन्द्रलाई आर्थिक सहयोग गर्ने स्थानीय तहका जनप्रतिनिधी १/१ जना | - सदस्य |
| १५) शुक्लाफाँटा तथा बेदकोट न.पा.मा अवस्थित मध्यवर्ति क्षेत्र व्यवस्थापन समितीका अध्यक्ष मध्ये अध्यक्षले मनोनित गरेको १ जना | - सदस्य |

१६) सदस्यहरु ५ जना (निर्देशक समितिले मनोनयन गरेको एक जना महिला सहित ३ जना र व्यवस्थापन समितिले मनोनय गरेको २ जना सदस्यहरु रहने छन

**११. सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** कञ्चनपुर सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन समिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

**क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

- सर्प दंश उपचार केन्द्रलाई दिगो रुपमा व्यवस्थापन गर्न कार्ययोजना बनाउने ।
- संञ्चालन गर्न आवश्यक पर्ने श्रोत साधन र औषधीको व्यवस्थापन गर्ने ।
- प्रत्येक महिनाको १ पटक बैठक बस्ने र उपचार केन्द्रलाई सञ्चालन गर्न आवश्यक पर्ने निर्णयहरु गर्ने ।
- कार्यविधिमा उल्लेख भएका बुंदाहरुको कार्यन्वयनका लागि पहल गर्ने ।
- सर्प दंश उपचार केन्द्रको कोषको व्यस्थापन गर्ने ।
- नियमित उठ्ने रकम र दान दातृत्व अनुदानबाट प्राप्त रकमको सुरक्षा र व्यवस्थापन गर्ने।
- आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न व्यवस्थापन समितिले सिफारिस गर्ने।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
- सर्प दंश उपचार केन्द्रको दिगो व्यवस्थापनका लागि अध्यक्षको काममा सहयोग पुर्‍याउने र तोकिएको काम गर्ने ।

**ग) सदस्य सचिवको काम, कर्तव्य अधिकार :**

- अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउने ।
- संञ्चालन तथा व्यवस्थापनमा आएका विषयलाई विभिन्न निकाय सँग पत्राचार गर्ने प्रतिबेदन बनाई बैठकमा पेश गर्ने ।
- समिति व्यवस्थापनको लागि अन्य कार्य चौमासिक भौतिक प्रगती तयार गर्ने तथा सम्बन्धित ठाँउमा पेश गर्ने ।
- केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य संघसंस्था वा अन्य दातृ निकायबाट प्राप्त हुने जिन्सी सामान/साधनहरू कार्यविधि बनाई सञ्चालन गर्नु पर्नेछ ।
- सर्पदंश उपचार केन्द्र तथा त्यहाँ कार्यरत कर्मचारीको क्षमता विकासको लागि दातृ निकायसंग समन्वय गर्ने ।
- केन्द्रमा काम गर्ने कर्मचारीहरूको आवश्यकता अनुसार पदपूर्ति तथा सेवा सुविधा उपलब्ध गराउन व्यवस्थापन समितिले कार्यविधि बनाई निर्देशक समितिबाट स्वीकृत गराई लागू गर्नेछ ।

**घ) कोषाध्यक्षको काम, कर्तव्य अधिकार :**

- सर्पदंश उपचार केन्द्रको कोषको व्यवस्थापन गर्ने ।

- सर्पदंश उपचार केन्द्रमा आई पर्ने खर्च तथा प्राप्त हुने आम्दानिको हिसाब किताब राख्ने।
- सम्बन्धित निकायबाट आम्दानी खर्चको हिसाब किताब माग हुन आएमा उपलब्ध गराउने ।
- चौमासिक/ अर्ध वार्षिक तथा वार्षिक आय व्यय विवरण सार्वजनिक गर्ने तथा बैठकमा पेश गर्ने।
- लेखा परिक्षण गराउने व्यवस्था मिलाउने ।
- सुशासन र मितव्ययीता अवलम्बनको लागि कार्यविधि/ मापदण्ड निर्माण गरी सिफारिस गर्ने ।

**ङ) सदस्यहरुको काम, कर्तव्य अधिकार :**

- सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिने ।
- सर्पदंश उपचार केन्द्रलाई दिगो र स्वच्छ रुपमा संञ्चालन गर्न आवश्यक सहयोग गर्ने ।
- नगरपालिका वा अन्य निकाय वा दातृ संस्थाबाट प्राप्त हुने जिन्सी सामान, एम्बुलेन्स आदि जस्ता कार्यहरू कार्यविधि बनाई सञ्चालन गर्नु पर्नेछ ।

## १२. समितिको बैठक :

क) बैठक संञ्चालनको लागि कम्तिमा बहुमत सदस्यको उपस्थितीबाट निर्णयहरु हुनेछ ।

ख) व्यवस्थापन समितिको बैठक कम्तिमा २ महिनाको एक पटक वा आवश्यक्ता अनूसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

ग) महत्वपूर्ण निर्णयहरु गर्नु पर्दा सल्लाहाकार समिति आमन्त्रण गर्नुपर्ने छ ।

## १३. कार्य अवधिः

क) सर्पदंस उपचार केन्द्र व्यवस्थापन समिति तथा आवश्यकता अनुसार निर्माण हुने उपसमितिहरूको कार्य अवधि ३ वर्षको हुनेछ ।

ख) प्रत्येक वर्षको आश्विन मसान्त भित्र आय-व्यय प्रस्तूत गरी सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।

**१४. साधारण सभाः** प्रत्येक बर्षको अश्विन मसान्त भित्र बार्षिक साधारण सभा गरी आय व्यय तथा बार्षिक बजेट सहितको कार्ययोजना पास गरी सक्नु पर्नेछ ।

**१५. उपचार केन्द्रको कार्य सञ्चालनः** यस कञ्चनपुर सर्पदंश उपचार केन्द्रको उपचार सम्बन्धी प्राबिधिक जिम्मेवारी समितिले सिफारिस गरेको डाक्टर अधिकृत १ जना सहित नेपाली सेना सुरक्षा गुल्म अर्जुनी र फिल्ड अस्पताल धनगढीका प्राविधिक प्रतिनिधी हुनेछ। बिरामीको अवस्था गम्भिर भएमा महेन्द्रनगर/धनगढी अस्पतालमा रेफर गरिनेछ । साथै मेडिकल सामाग्री व्यवस्थापनको जिम्मेवारी सर्पदंश उपचार केन्द्रको संचालन तथा व्यवस्थापन समितिको हुनेछ ।

## परिच्छेद ३

**१६. कोषको आर्थिक व्यवस्था :** यस कार्यविधिको अधिनमा रही कञ्चनपुर सर्पदंश उपचार केन्द्र, अर्जुनीको कोष स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछ ।

क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय निकायबाट प्राप्त रकम ।

ख) शुक्लाफाँटा, बेदकोट नगरपालिका लगायत अन्य स्थानीय तहबाट कोषको लागि प्राप्त हुने रकम ।

ग) दातृ निकाय व्यक्ति वा दानबाट प्राप्त हुने रकम ।

घ) सदस्यता, सेवा शुल्क तथा अन्य श्रोतबाट प्राप्त हुने नगद तथा जिन्सी ।

**१७. कोषको संचालनः** कोषको रकम बैंकमा संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष र कोषाध्यक्षको संयूक्त हस्ताक्षरमा संचालन हुने गरी खाता खोली जम्मा गरिने छ ।

कोषमा जम्मा भएको रकम देहायका शिर्षकमा मात्र खर्च गरिनेछ ।

क) यस केन्द्रलाई आवश्यक पर्ने औषधीहरु, अक्सिजन तथा अन्य सामाग्री केन्द्रको व्यवस्थापन सम्बन्धी सामाग्री खरिद गर्ने ।

ख) सरसफाई तथा जनचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।

ग) अतिथि सत्कार आदी ।

घ) उपचार केन्द्रमा रहेका साधनहरूको मर्मत, संम्भार र व्यवस्थापन

ङ) बैठक, साधारण सभा तथा समिक्षा ।

कुनै पनि सामाग्री खरिद गरेमा सो को विल भरपाई बैठकबाट अनुमोदन गर्नु पर्दछ ।

**१८. सेवा शुल्क :**

क) यस केन्द्रमा उपचार गराउन आउने प्रत्येक विरामीबाट सेवा शुल्क वापत रु.५००।- लिईने छ ।

ख) कुनै विरामीले शो शुल्क बुझाउन नसक्ने अबस्थामा अत्यन्त विपन्न भन्ने प्रमाणित भएमा ५० देखि १०० प्रतिशतसम्म छुट दिने अधिकार संचालन तथा व्यवस्थापन समितिमा निहित हुनेछ । त्यस छुट दिईएको विवरण अभिलेख किताब खडा गरी सोको पुष्टयाई सहित सो प्रमाणित गराई राख्नु पर्नेछ ।

**१९. लेखा परिक्षणः** कोषको लेखा परिक्षण शुक्लाफाँटा नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट गरिनेछ ।

**२०. अनुगमन र मुल्याङ्कनः** कञ्चनपुर सर्पदंश उपचार केन्द्र अर्जुनीको अनुगमन तथा मुल्याङ्कन निर्देशक समिति तथा सल्लाहकार समितिबाट हुनेछ ।

**२१. पुरस्कार र सम्मानः** यस कञ्चनपुर सर्पदंश उपचार केन्द्र अर्जुनीको व्यवस्थापनमा सहयोग पुऱ्याउने व्यक्ति, संस्था समूह आदिलाई पुरस्कार, सम्मान गर्न सक्नेछ र पुरस्कृत हुने व्यक्ति तथा संघ संस्थाको सिफारिस संचालन तथा व्यवस्थापन समितिले साधारण सभामा गर्नेछ ।

**२२. विविधः**

क) बाधा अडकाउ फुकाउ कार्यको लागि निर्देशक समितिको निर्णय मान्य हुनेछ ।

ख) सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको पुनर्गठन सम्मको लागि निर्देशक समितिले सो कार्य गर्नको लागि सर्पदंश उपचार केन्द्रको बढीमा ६ महिना सम्मको अवधि मान्य हुने गरी तदर्थ समिति गठन गर्नेछ र सोही समितिले सर्पदंश उपचारको सञ्चालन तथा व्यवस्थापन समितिको चयन / निर्वाचन गर्नेछ ।

## २३. छापः

गोलाकार वृत्त भित्र सर्पको चित्रमा सुईले (Injection) काटेको चित्र हुनेछ । गोलाकारको वरिपरि कञ्चनपुर सर्पदंश उपचार केन्द्र अर्जुनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ लेखेको छाप हुनेछ ।

**आज्ञाले,**
**खेमराज बिष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**